# श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क आयोजनाका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र सोमा रहेको रुखविरुवाहरु हटाउन दिने सम्बन्धमा

वन तथा भू-संरक्षण विभाग, बबरमहल र श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क आयोजना, तानसेन, पाल्पा

बीच भएको

## सम्झौता पत्र

२०७६



Scanned by CamScanner

## सम्झौता पत्र

वन ऐन २०४९ को दफा ६८ बमोजिम प्रबर्द्धक श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क निर्माण गरी उक्त आयोजना संचालनका लागी संलग्न अनुसूची बमोजिमका शर्तहरु पालना हुने गरी तानसेन नगरपालिका वडा नं. ५ (साबिक बन्दीपोखरा गा.वि.स. वडा नं. ४ र ९) मा पर्ने मिलिजुली पालेको रमाइलो सामुदायिक वनको ४.९९ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र तहाँ रहेको १२९१ वटा रुखविरुबा हटाउन समेत स्वीकृति दिने भनी नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७६।३।५ को निर्णय भएकोले सोही निर्णय साथ रहेको अनुसुचीमा संग्लन शर्तहरु पालना गर्ने गरी र वन ऐन २०४९, वन नियमावली २०५१ तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने संबन्धि कार्यविधी, २०७४ समेतको अधिनमा रहने गरी सो वन क्षेत्र प्रयोग गर्न गराउन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग (यसपछि विभाग भनिएको) र प्रबर्द्धक श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क (यसपछि प्रबर्द्धक आयोजना भनिएको) दुवै पक्ष सहमत भएकाले विभागं र आयोजना बीच यो सम्झौता गरी १/१ प्रति लियौं/दियौं ।

### शर्तहरू

१. प्रबर्द्धक श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क निर्माण गर्न वन ऐन २०४९ को दफा ६७ अनुसार वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी वन ऐन २०४९ को दफा ६८ तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धि कार्यविधी, २०७४ अनुसार निम्न तालिकामा उल्लेखित बिवरण बमोजिम राष्ट्रिय वन क्षेत्रको कुल जम्मा ४.९९ हेक्टर जग्गा तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क को लागि प्रयोग गर्न भोगाधिकार उपलव्ध गराइएको छ ।

**तालिका**

| सि. नं | जिल्ला | निर्माण हुने संरचनाहरु | वन क्षेत्रको विवरण | भोगाधिकार दिनु पर्ने क्षेत्रफल (हेक्टर) | | रुख संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | अस्थायी | | |
| १ | पाल्पा | बस पार्क लगायतका संरचना | पाल्पा, तानसेन नगरपालिका वडा नं. ५ को मिलिजुली पालेको रमाइलो सामुदायिक वन | ४.९९ हे. | - | १२९१ वटा | डिभिजन वन कार्यालय, पाल्पाले पेश गरेको लगत बमोजिम |
| | | | **कूल जम्मा** | ४.९९ हेक्टर | - | **१२९१ वटा** | |

२. प्रवर्द्धक/आयोजनाले स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदन र सो को Revised/Updated EMP मा उल्लेखित शर्तहरु र क्षति न्यूनिकरणका उपायहरू एवं वातावरणीय व्यवस्थापन योजनालाई अनिवार्य रुपमा आफनै लागत खर्चमा पालना गर्नुपर्नेछ ।

३. राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने संबन्धि कार्यविधी, २०७४ बमोजिम आयोजनाको स्थायी तवरले वन क्षेत्रभित्र ओगटने ४.९९ हेक्टर क्षेत्रफल भन्दा कम नहुने गरी प्रवर्द्धक/आयोजनाले नेपाल सरकारलाई वन क्षेत्रमा क्षति पुर्याएवापत सट्टास्वरुपको जग्गा

तानसेन नगरपालिका नगरपालिकाको कार्यालय तानसेन, पाल्पा

कौशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल



Scanned by CamScanner

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा ५ नं. प्रदेश, नेपाल २०७२

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल

उपलब्ध गराउनु पर्नेछ । प्रवर्द्धक/आयोजनाले पाल्पा जिल्लामा राष्ट्रिय वनसंग जोडिएको समान भौगौलिक र पारिस्थिकीय क्षेत्रको प्रतिनिधीत्व हुने निजी जग्गा खरीद गरी नेपाल सरकार, वन तथा भू-संरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गरीदिनु पर्नेछ । वन तथा भू-संरक्षण विभागले यस सम्बन्धमा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिसमा उक्त जग्गा रजिष्ट्रेशन पास हुने व्यवस्था मिलाउनेछ । यो सट्टाभर्ना जग्गा नेपाल सरकारलाई उपलब्ध नगराएसम्म सम्झौता अनुसारको उक्त वन क्षेत्र प्रयोग गर्न पाइने छैन ।

४. आयोजनाले सट्टास्वरुप उपलब्ध गराएमा उक्त जग्गामा आफनै लातग खर्चमा सट्टा जग्गामा प्रति हेक्टर १६०० विरुवाको दरले र हटाईने १२९१ वटा रुखविरुवाको सट्टा १:२५ का दरले (प्रतिहेक्टर १६०० गोटाका दरले) हुनेगरी समेत आयोजनाको लागत खर्चमा वृक्षारोपण गरी ५ वर्ष सम्म उक्त विरुवाहरुको संरक्षण तथा सम्बर्धन गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ । यस्तो वृक्षारोपण कार्य २ वर्षभित्र गरि सक्नु पर्नेछ ।

५. हटाइने १२९१ वटा रुखविरुवाहरु कम्पनीले आफनै लागत खर्चमा हटाइ संभव भएसम्म बजारको माग बमोजिम खपत हुने काठ (गोलिया) उत्पादन हुनेगरी सामुदायिक वनसँग समन्वय गरी कटान मुछान गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । हस्तान्तरण गरिनु भन्दा अगावै चोरी हानी नोक्सानी भएमा आयोजना स्वयं जिम्मेवार हुनुपर्नेछ वा काठ दाउराको हकमा बजारको प्रचलित मुल्य अनुसार सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । वनबाट उत्पादन भएका वन पैदावारहरु प्रचलित कानून अनुसार हस्तान्तरण/लिलाम/व्यवस्थापन सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछन ।

६. प्रबर्द्धक/आयोजनाले उक्त वन क्षेत्रको जग्गा जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि मात्र प्रयोगमा ल्याउनु पर्नेछ । सो जग्गाको भू-स्वामित्व वन ऐन २०४९ को दफा ६७ बमोजिम नेपाल सरकारमा नै रहनेछ । अन्यथा हुने गरी यस जग्गाको दर्ता गर्न र हक हस्तान्तरण गर्न गराउन पाइने छैन भने स्वीकृत डिपिआरमा उल्लेख भए अनुसारको संरचना मात्र बनाउनु पर्नेछ । यस्तो कार्य गरे गराएमा उक्त जग्गा र वरपरको वन क्षेत्र अतिक्रमण भएमा वा कुनै पनि कारणले भू-उपयोग बदलिएमा आयोजना प्रमुख/प्रवर्द्धक उपर प्रचलित ऐन कानुन अनुसार कारवाही हुनेछ ।

७. आयोजनाले तोकीए बमोजिमको वातावरणीय सेवा शुल्क (PES) बुझाउनु पर्नेछ, सो रकम वन संरक्षण लगायत जैविक विविधता र वातावरण संरक्षणमा खर्च गरिनेछ ।

८. आयोजनाको निर्माणका क्रममा निस्किने काम नलाग्ने वस्तु (Waste Material) लाई आयोजना आफैले नै व्यवस्थापन (Disposal) गर्नु पर्नेछ । त्यस्ता प्रयोगमा नआउने वा काम नलाग्ने वस्तुहरुलाई कुनै पनि वन, जङ्गल नजिक थुपार्न, खोला नाला, नदी, पोखरी, कुवा, चौर, सार्वजानिक स्थानमा खुल्ला राख्न, फ्याक्न वा छोड्न पाइने छैन ।

९. आयोजनाले कुनै पनि भौतिक संरचना वा अन्य निर्माण कार्य गर्दा माटो बगाउने, प्राकृतिक सम्पदाहरु खोतल्ने, निकाल्ने, भूस्खलन हुने जस्ता कार्यलाई ध्यानमा राखेर प्राकृतिक सम्पदाको संरक्षण हुने किसिमले संरचना निर्माण गर्नु पर्नेछ । प्रतिकुल अवस्था आएमा आयोजना आफैले रोक्ने र संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । आयोजनाले आफ्नो संरचनाहरु निर्माण गर्दा धरातलीय भू–बनौटलाई मध्यनजर गरी भू–क्षय न्यून गर्ने तथा पहिरो रोकथाम गर्ने योजना सहित बायो-ईन्जिनीयरीग प्रबिधिलाई प्राथमिकता दिई सोही बमोजिम निर्माण गर्नुपर्नेछ ।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा ५ नं. प्रदेश, नेपाल २०७२

कौशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल

Scanned by CamScanner

१०. सम्झौतामा उल्लिखित क्षेत्रमा कार्य संचालन गर्दा स्थानिय व्यक्ति वा समुदायलाई प्रतिकूल असर नपर्ने व्यवस्था आयोजना आफैले मिलाउनु पर्नेछ ।

११. आयोजनाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले २ महिनाभित्र यस सम्झौता कार्यान्वयन अवस्था, भोगाधिकार प्राप्त वन क्षेत्रमा भए गरेको प्रगति विवरण र वातावरण संरक्षण व्यवस्थापनको अनुगमनको बार्षिक प्रतिवेदन सम्बन्धित डिभिजन वन कार्यालय, वन तथा भू-संरक्षण विभाग र प्रदेश स्थित वन हेर्ने निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

१२. आयोजनालाई उपलब्ध गराईएको उक्त वन क्षेत्र उपभोग गर्दा तोकिए बाहेक वन नियमावली २०५१ को नियम ३९(क) (९) बमोजिम देहायका कार्यहरु गर्न पाउने छैन ।

(क) वन तथा भू-संरक्षण विभागको पूर्व स्वीकृति नलिई वन क्षेत्र भित्र बग्ने नदी नाला, खोलाको स्रोत थुनछेक गर्न वा फर्काउन ।

(ख) वनस्पतिहरुको बिकासमा अवरोध पुऱ्याउने, जीवजन्तुको वासस्थानमा हानि नोक्सानी पुऱ्याउने, प्राकृतिक वा भौतिक स्वःरुप बिगार्ने वा सीमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउने ।

(ग) जलचर तथा अन्य कुनै किसिमको जनावर पशुपंछी वा जीवजन्तुलाई हानिनोक्सानी हुने गरी कुनै किसिमको कृयाकलाप गर्न ।

(घ) तोकिएको क्षेत्रमा तोकिए बमोजिम उक्त जग्गाको उपभोग गर्नु वाहेक ढुङ्गा, बालुवा, झिक्ने वा खानी संचालन गर्ने, वरिपरिका स्थानीय वासिन्दाको सामाजिक रिती रिवाजमा अवरोध पुग्ने कार्य गर्ने गराउने वा बाटोघाटो, खोलानालाको निर्वाध उपयोग जस्ता पारम्पारिक अधिकारको उपयोगमा व्यवधान उत्पन्न गराउन ।

१३. आयोजनाले प्रयोग गर्न प्राप्त वन क्षेत्रमा सम्झौता बमोजिम हटाई बाँकी रहने रुख विरुवाहरुको स्वामित्व नेपाल सरकारको हुनेछ भने ती रुखहरुको संरक्षण गर्ने जिम्मा आयोजनाको हुनेछ । आयोजनाको प्रतिनिधि वा निजका कामदारले यो सम्झौता बमोजिमको कार्य वाहेक आयोजनालाई उपलब्ध गराईएको वन क्षेत्रको जग्गामा वन्यजन्तु तथा वन पैदावारको हानिनोक्सानी पुऱ्याउने कार्य गर्नु गराउन हुदैन । यस्तो वन्यजन्तु तथा वन पैदावारको हानिनोक्सानी हुने कार्य वा अनियमीत कार्य गरेमा आयोजना प्रमुख/प्रवर्द्धकलाई प्रचलित कानून बमोजिम सजाय गर्न यो सम्झौताले बाधा पुऱ्याएको मानिने छैन ।

१४. सम्झौता बमोजिमको कार्य प्रारम्भ भएको १ (एक) महिना भित्र कार्य प्रारम्भको प्राविधिक प्रतिवेदन तथा कार्य विवरण अनिवार्य रुपमा आयोजनाले सम्बन्धित डिभिजन वन कार्यालय, वन तथा भू-संरक्षण विभाग र प्रदेश स्थित वन हेर्ने निर्देशनालयमा पेश गर्नु पर्नेछ । साथै आयोजनाले वन क्षेत्रमा कार्य प्रारम्भ भएको बखत देखि नसकिदा सम्म वन क्षेत्रमा भएको प्रगति तथा कार्य विवरण, कार्य अवस्था झल्किने फोटो समेत प्रत्येक २-२ महिनामा सम्बन्धित डिभिजन वन कार्यालय, वन तथा भू-संरक्षण विभाग र प्रदेश स्थित वन हेर्ने निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

१५. तोकिएको शर्तहरु पालना गरे नगरेका बारेमा अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नका लागि निम्न अनुसारको अनुगमन संयन्त्र रहनेछ । अनुगमन संयन्त्रले कम्तिमा पनि वर्षको एक पटक अनुगमन गरी सम्बन्धित निकायहरुमा प्रतिवेदन दिनेछ । वन तथा भू-संरक्षण विभाग र मातहतका निकायले आवश्यकता अनुसार आयोजना स्थलको अनुगमन गर्न सक्नेछन् ।

कौशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह



Scanned by CamScanner

| | | |
|---|---|---|
| (क) | उपमहानिर्देशक वन तथा भू-संरक्षण विभाग | संयोजक |
| ख) | स्थानीय पूर्वाधार विभागको इन्जिनियर | सदस्य |
| (ग) | सम्बन्धित जि.स.स.को अधिकृत प्रतिनिधि | सदस्य |
| (घ) | सम्बन्धित को.ले.नि.का. को अधिकृत प्रतिनिधि | सदस्य |
| (ङ) | सम्बन्धित कार्यालय/योजनाको प्रतिनिधि | सदस्य |
| (च) | डिभिजनल वन अधिकृत, पाल्पा | सदस्य-सचिव |

१६. तानसेन नगरपालिका र आयोजनाले वन ऐन २०४९, वन नियमावली २०५१, राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने संबन्धि कार्यविधी, २०७४ लगायतका प्रचलित कानुनहरुको पुर्ण पालना गर्नु पर्नेछ। साथै वन तथा भू-संरक्षण विभागसँग गरिने सम्झौतामा रहेका सबै शर्तहरु लगायत नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट दिईएका निर्देशनहरु समेत पालना गर्नु पर्नेछ। उल्लेखित शर्त तथा दिईने थप निर्देशनहरु आयोजनाले पालना नगरेमा प्रचलित कानुन बमोजिम कारवाहि गरी वन तथा वातावरण मन्त्रालयबाट एकपक्षिय रुपमा दिएका अनुमति, निर्णय तथा सम्झौताहरु समेत बदर गरिनेछ।

१७. यो सम्झौतामा कुनै किसिमको संशोधन गर्नु परेमा विभाग र आयोजनाको आपसी सहमतिमा मन्त्रालयको स्वीकृति लिई गर्न सकिनेछ अन्यथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

१८. नेपाल सरकारको, मन्त्रिपरिषद्को मिति २०७६।३।५को निर्णय र सो सँग संलग्न अनुसुचि यस सम्झौताको अभिन्न अंग हुनेछ।

१९. यो सम्झौतामा उल्लेख भएको विषयमा सोही बमोजिम हुनेछ र यसमा उल्लेख नभएको विषयहरुमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

२०. यो सम्झौता हस्ताक्षर भएको मिति देखि लागू हुनेछ।

**श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बस पार्क, तानसेन, पाल्पा जिल्ला**

**टे.फो. ०७५-५२०१०९/५२०८९३/५२०९०९/५२०१२९**

Email- info@tansenmun.gov.np

**तर्फबाट**

हस्ताक्षर :

नाम :- कोशलराज घिमिरे

दर्जा :- आ.प्र. अधिकृत

**नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय**
**वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौ**

**टे. फो. : ०१-४२२७५७४**

**फ्याक्स : ०१-४२२७३७४**

**तर्फबाट**

हस्ताक्षर :-

नाम : राकेश कर्ण

दर्जा : वन संरक्षण अधिकृत

**रोहवर/साक्षी**

हस्ताक्षर

नाम :- ठाकुर गैरे

दर्जा :- नागरकिता नं.२२२४४ ,पाल्पा

हस्ताक्षर :-

नाम :- उत्तम चापागाई

दर्जा : सहायक वन अधिकृत

**ईति संबत २०७६ साल आषाढ महिना १० गते रोज ३ मा शुभम्।**



Scanned by CamScanner

श्री प्रशासन र योजना, नगर प्रमुख (समक्ष पेश गरौं)

२०७६।३।१२

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग
(वन संरक्षण शाखा)

४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

प्राप्त पत्र संख्या र मितिः

पत्र संख्या : २/४/०७५/०७६

च. नं.: ५९४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला।)

बबरमहल
काठमाडौं, नेपाल

मिति: २०७६/०३/१०

**विषय : सम्झौता पत्र पठाईएको बारे।**

श्री डिभिजन वन कार्यालय,
पाल्पा।

उपरोक्त सम्बन्धमा नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७६/०३/०५ को निर्णय बमोजिम श्री तानसेन नगरपालिकाद्वारा प्रस्तावित पाल्पा बसपार्क निर्माण गरी उक्त आयोजना संचालनका लागी पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ५ (साबिक बन्दीपोखरा गा.वि.स. वडा नं. ४ र ९) मा पर्ने मिलिजुली पालेको रमाइलो सामुदायिक वनको ४.९९ हेक्टर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र तहाँ रहेको १२९१ वटा रुखविरुवा हटाउन स्वीकृति दिने सम्बन्धमा यस विभाग र श्री तानसेन नगरपालिका, पाल्पा बसपार्क आयोजना, तानसेन, पाल्पा बीच मिति २०७६/०३/१० मा भएको सम्झौता पत्र पाना ५ (पाँच) यसै साथ संलग्न राखी पठाईएका व्यहोरा आदेशानुसार अनुरोध छ।

(उत्तम चापागाई)
सहायक वन अधिकृत

**बोधार्थः**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं. ५, बुटवल : उल्लेखित सम्झौता पत्र पाना ५ (पाँच) यसै साथ संलग्न छ।

श्री तानसेन नगर कार्यपालिकाको कार्यालय, तानसेन, पाल्पा : सम्झौता अनुसार गर्नहुन।

तानसेन नगर कार्यपालिकाको कार्यालय
मिति २०७६।३।१२
दर्ता नं. ५६५०

Scanned by CamScanner